# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. Ref: २०७७/०७८/२९ मिति: २०७७।०९।१९

श्री स्थानीय तहहरू (७५३ सवै)।

**बिषय:- मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्वन्धमा।**

प्रशासन
सबै वडा र
website मा
राख्ने

सम्वत् २०७८ साल वैशाख १७ गते पहिलो चरणमा र वैशाख २७ गते दोश्रो चरणमा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्नेगरी निर्वाचनको मिति घोषणा गरेको व्यहोरा विदितै छ। सोही सन्दर्भमा निर्वाचनको मिति घोषणा भईसकेपछि सो निर्वाचनको प्रयोजनको लागि मतदाता नामावलीमा नाम दर्ता गरिने छैन भन्ने मतदाता नामावली ऐन, २०७३ मा रहेको व्यवस्था समेतका आधारमा मिति २०७७/९/६ देखि मतदाता नामावली सङ्कलनको कार्य स्थगन गरिसकिएको छ।

उल्लेखित मितिमा हुने प्रतिनिधि सभाको निर्वाचनको प्रयोजनका लागि सम्वत् २०७७ साल पौष ५ गते सम्ममा मतदाता नामावलीको लागि नाम सङ्कलन भई सोही मितिसम्ममा अठार वर्ष उमेर पुगेका व्यक्तिहरूको नामावली अद्यावधिक (दावी विरोध समेत) सम्वन्धी कार्यक्रम मिति २०७७/१०/१५ देखि मिति २०७७/१०/२१ सम्म ७५३ वटै स्थानीय तहका केन्द्रमा एकसाथ सञ्चालन हुने तय भएको छ। उक्त कार्यक्रम अन्तर्गत निम्नानुसारका क्रियाकलापहरू सञ्चालन हुने व्यहोरा समेत जानकारी गराउन चाहन्छु।

१. मतदाता नामावली प्रकाशन गर्ने,

२. कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटि भएमा सच्याउनको लागि निवेदन दिने,

३. कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए प्रमाण सहित उजुरी दिने,

४. दोहोरो नाम हटाउन निवेदन दिने,

५. दोहोरो नाम हटाउने,

६. मृत्यु भएको वा नागरिकता त्याग गरेको वा नागरिकता रद्द भएको व्यक्तिको नाम मतदाता नामावलीबाट हटाउने।

प्रस्तुत परिप्रेक्षमा उक्त कार्यक्रमका सम्वन्धमा निर्वाचित पदाधिकारीहरूका साथै तहा र अन्तर्गत वडा कार्यालयहरूमा कार्यरत कर्मचारीहरू एवम् स्थानीय तहमा क्रियाशील निर्वाचनसँग सरोकार राख्ने अन्य संघ संस्थाहरू मार्फत समेत आम नागरिकहरूलाई सुसूचित गरी, गराई अन्तिम मतदाता नामावली त्रुटि रहित बनाउने कार्यमा सहयोगका लागि निर्वाचन आयोग हार्दिक अनुरोध गर्दछ।

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
दर्ता नम्बर २४५९
दर्ता मिति: ०७७/९/२२
दर्ता गर्ने: ........

०७७।९।१९

देव कुमारी गुरागाईं
सचिव